फुङलिङ नगरपालिका

# स्थानीय राजपत्र

खण्ड-७ संख्या-४ मिति:२०८०।०३।२४

भाग-१

फुङलिङ नगरपालिका

## "फुङलिङ नगरपालिकाको स्थानीय सडक व्यवस्थापन ऐन, २०८०"

# "फुङलिङ नगरपालिकाको स्थानीय सडक व्यवस्थापन ऐन, २०८०"

**सभाबाट स्वीकृत मिति :२०८०।०३।१०**

**प्रस्तावना** : सर्वसाधरण जनताको यातायातमा सहज सुविधा तथा कृषि उत्पादित बस्तुहरूको सहज रूपमा ढुवानी गर्न, नगर स्तरिय सडकहरूको निर्माण, संभार, विस्तार, सुधार र सडक क्षेत्रको संरक्षण गरी दिगो प्रयोग गर्नका लागि आवश्यक कानूनी व्यवस्था गर्न वाञ्छनीय भएकोले नेपालको संविधानको धारा २२१ तथा स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा १०२ बमोजिम फुङलिङ नगरपालिकाले यो ऐन जारि गरेको छ।

## परिच्छेद-१
## प्रारम्भिक

**१. सङ्क्षिप्त नाम र प्रारम्भ :** (१) यस ऐनको नाम "फुङलिङ नगरपालिकाको स्थानीय सडक व्यवस्थापन ऐन, २०८०" रहेको छ।

(२) यो ऐन फुङलिङ नगरपालिका क्षेत्रभित्र नगर सभाले पारित गरेका मितिबाट लागु हुनेछ।

**२. परिभाषा :** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस ऐनमाः

(क) "कार्यपालिका" भन्नाले फुङलिङ नगरपालिकाको नगर कार्यपालिकालाई सम्झनु पर्छ।

(ख) "खोला तथा खोल्सी" भन्नाले सार्वजनिक रुपमा नियमित तथा वर्षायाममा पानी बग्ने स्थानलाई सम्झनु पर्छ।

(ग) "गोरेटो बाटो" भन्नाले परम्परागत रुपमा प्रयोग गर्ने नक्सामा भएको बाटो र परम्परागत रुपमा हिड्ने गरिएको र नक्सामा नभएका गोरेटो बाटो समेतलाई सम्झनु पर्छ।

(घ) "चक्रपथ" भन्नाले नगरलाई परिक्रमा हुने गरी निर्माण हुने सडकलाई सम्झनु पर्छ।

(ङ) "टोलस्तरीय सडक" भन्नाले एक किलोमिटर सम्म लम्बाई भएको सडकलाई सम्झनु पर्छ।

(च) "धार्मिक तथा सांस्कृतिक क्षेत्रको सडक" भन्नाले मूल सडकदेखि धार्मिक तथा सांस्कृतिक क्षेत्रसम्मको पहुँच मार्गलाई सम्झनु पर्छ।

(छ) "नगरस्तरीय सडक" भन्नाले नगरपालिका र गाउँपालिकालाई जोड्ने सडकलाई सम्झनु पर्छ।

(ज) "प्रमुख" भन्नाले फुङलिङ नगरपालिकाको प्रमुखलाई सम्झनु पर्छ।

(झ) "प्रमुख प्रशासकीय अधिकृत" भन्नाले फुङलिङ नगरपालिकाको प्रमुख प्रशासकीय अधिकृतलाई सम्झनु पर्छ।

(ञ) "प्राकृतिक स्रोत" भन्नाले पानी, ढुङ्गा, बालुवा जस्ता प्रकृतिले दिएको स्रोतलाई सम्झनु पर्छ।

(ट) "प्रादेशिक सडक" भन्नाले नगरपालिका क्षेत्र भित्र निर्माण भएको प्रदेश मातहतको सडकलाई सम्झनु पर्छ।

(ठ) "फासला" (SET BACK) भन्नाले सडकको किनारबाट छोडिने जग्गा भन्ने सम्झनु पर्छ।

(ड) "राजकुलो तथा कुलो" भन्नाले नक्सामा भएको र परम्परागत रुपमा चलिरहेको पानी बग्ने कुलो सम्झनु पर्छ ।

(ढ) "राष्ट्रिय राजमार्ग" भन्नाले नगरपालिका क्षेत्रभित्र जोडिएका नेपाल सरकारले निर्माण गरेका राष्ट्रिय सडकलाई सम्झनु पर्छ ।

(ण) "प्रादेशिक राजमार्ग" भन्नाले नगरपालिका क्षेत्रभित्र जोडिएका नेपाल सरकारले निर्माण गरेका राष्ट्रिय सडकलाई सम्झनु पर्छ ।

(त) "वडास्तरीय सडक" भन्नाले वडा क्षेत्र भित्र रहेका कृषि सडक सम्झनु पर्छ ।

(थ) "सहरी सडक" भन्नाले बजार क्षेत्रभित्रका सडक भन्ने बुझिन्छ र यो शब्दले नगरपालिकाद्वारा चार किल्ला तोकी सहरी सडक नामकरण गरी निर्णय गरेका सडक समेतलाई सम्झनु पर्छ ।

(द) "सडक सिमा" भन्नाले नगर सडकको चौडाईलाई सम्झनु पर्छ ।

(ध) "सडकको क्षेत्राधिकार" भन्नाले सडकको स्वामित्व भएको भूभागलाई सम्झनु पर्छ ।

(न) "सहायक सडक" भन्नाले मुख्य सडकबाट बस्तीसम्म जाने पाँच सय मिटर सम्मको सडकलाई सम्झनु पर्छ ।

(प) "बाह्रमासे सडक" भन्नाले १२ महिना सञ्चालन गर्न मिल्ने सडकलाई सम्झनु पर्छ ।

(फ) "कृषि सडक" कृषि व्यवसायलाई प्रवर्द्धन गर्न सक्ने उदेश्यले ग्रामिण भेगमा बनेका सडकलाई सम्झनु पर्छ ।

## परिच्छेद-२
## स्थानीय सडक

**३. नगर स्तरीय यातायात गुरुयोजना :** (१) नगरपालिकाले आफ्नो क्षेत्र भित्र यातायात व्यवस्थापनको लागि नगर स्तरीय यातायात गुरुयोजना वा एकिकृत नगर यातायात विकास योजना तयार गर्नेछ र सडकको वर्गिकरण गर्नेछ।

**४. स्थानीय सडकहरुको बर्गीकरण** : (१) स्थानीय सडकहरुको वर्गीकरण निम्नानुसार हुनेछ :

(क) नगर स्तरिय र अन्तरपालिका सडक,
(ख) अन्तर वडा सडक,
(ग) कृषि सडक,
(घ) सहरी सडक,
(ङ) बाह्रमासे सडक,
(च) सहायक सडक,
(छ) पर्यटकीय सडक (पर्यटकीय मार्ग) ।

**५. सडकको क्षेत्राधिकार र फासला (Set back)** : (१) फुङलिङ नगरपालिकामा नामाकरण र अभिलेखीकरण भएका सडकहरुको क्षेत्राधिकार र सडकको फासला अनुसूची-१ उल्लेख भए बमोजिम हुनेछ।

(२) उपदफा (१) बमोजिमका सडकको कुनै खण्डमा अन्य सडक परेमा ठुलो मापदण्ड भएको सडक खण्डको फासला स्वत लागु हुनेछ।

(३) यो ऐन बमोजिम जुनसुकै वर्गिकरणमा परेको सडकको घुम्तीमा थप चालिस प्रतिशत चौडाई वृद्धि गर्नु पर्नेछ।

(४) फुङलिङ नगरपालिकाको तोक्मेडाडा आर्मी गेट, क्याम्पस लाइन नर्सरी हुदै उकाली पानीको पाथिभरा आधारभूत विद्यालय खण्डमा पर्ने बाई पासको बाटोको चौडाई ११ मि. र फासला २.५ मि. हुनेछ।

**६. भौतिक संरचना निर्माण गर्न निषेध गर्न सकिने :** (१) स्थानीय सडकको सीमा तोकिएकोमा सडकको सीमाको र सडक सीमा नतोकिएकोमा नगरपालिकाको अनुमति विना कुनै पनि किसिमको संरचना कसैले पनि निर्माण गर्न नपाउने गरी निषेध गर्न सक्नेछ।

(२) पर्यटकको निम्ति पदमार्गको रुपमा कम्तिमा पाँच वर्ष पहिले देखि प्रयोग हुदै आएका र सार्वजनिक खर्चमा निर्माण भई प्रयोग हुँदै आएको पर्यटन पदमार्ग, सडकलाई अन्य प्रयोजनको निम्ति प्रयोग गर्न नपाउने गरी निषेध गर्न सक्नेछ।

**७. स्थानीय सडकको आवगमनमा बाधा पुर्याउन नहुने :** (१) स्थानीय सडकमा गोलिया, सागसब्जी, निर्माण सामाग्रीका कुनै पनि वस्तु छोडेको, राखेको वा फालेको कारणले सडक आवागमनलाई कुनै किसिमको बाधा पुर्याएको भए त्यस्तो माल वस्तु हटाउनको निम्ति अवधि तोकि सरोकारवाला व्यक्ति/संस्थालाई नगरपालिकाले सूचना जारी गर्न सक्नेछ।

(२) उपदफा (१) बमोजिम जारी भएको सूचनाको अवधि भित्र नहटाएको वा सरोकारवाला व्यक्ति/संस्था पत्ता नलागेको वस्तु/माललाई नगरपालिकाले कब्जामा लिन र लिलाम विक्रि गर्न सक्नेछ। तर तोकिएको म्याद भित्र त्यस्तो सूचनामा लेखिएको काम पुरा गर्न नसक्ने भई म्याद बढाउन चाहने व्यक्ति/संस्थाले कारण समेत खोली नगरपालिकाको सम्बन्धित शाखामा निवेदन दिन सक्नेछ। त्यस्तोमा नगरपालिकाले एक पटक सम्म आवश्यक देखिए जति म्याद बढाई दिन सक्नेछ।

**८. स्वीकृत नलिइ स्थानीय सडक वा सडक सिमामा कुनै किसिमको काम गर्न नहुने :** (१)

नगरपालिकाको स्वीकृत प्राप्त नगरी कसैले स्थानीय सडकसँग जोडिने गरी प्रवेश मार्ग बनाउन, घडेरी खार्न, कुलो खन्न वा भत्काउन, किला, तगारो आदि गाड्न, घर वा छाप्रो बनाउन सडकको वालमा विज्ञापन राख्न वा यस्तै अन्य कुनै कार्य गर्न हुँदैन।

(२) कसै व्यक्ति/संस्थाले नगरपालिकाको स्वीकृत प्राप्त नगरी उपदफा (१) अनुसार कार्य गरेमा, त्यस्तो कार्य हटाउन भत्काउन र पूर्व अवस्थामा पुर्याउन नगरले सूचना जारी गर्नेछ।

(३) सम्बन्धित व्यक्ति/संस्थाले उपदफा (२) बमोजिम जारी भएको सूचना पालना नगरेमा, नगरपालिका आफै त्यस्तो कार्य गरी सो बापत लागेको खर्चको रकम सम्बन्धित व्यक्ति/संस्थाबाट नगरपालिकाले असुल उपर गरी लिन सक्नेछ।

**९. धरौटी वा दस्तुर लिने अधिकार** : (१) स्थानीय सडक वा सडक सीमा खन्न, भत्काउन परेमा नगरपालिकाको स्वीकृत लिनु पर्नेछ। त्यसरी स्वीकृत माग गरेमा खनिने र भत्काउने स्थानीय सडक वा सडक सीमालाई मर्मत गरी पूर्व अवस्था कायम गर्न लाग्ने खर्चको रकम धरौटी लिई नगरले स्वीकृत प्रदान गर्न सक्नेछ।

(२) उपदफा (१) अनुसार स्वीकृत प्रदान गर्दा नगरपालिकाले राखेको सर्तहरु पालन गर्ने कबुलियत गराउनु आवश्यक देखेमा सो समेत मर्मत गराई लिन सक्नेछ।

**१०. स्थानीय सडकमा वजन तथा उचाईको हद निर्धारण र त्यसको रेखदेख :** (१) बाह्रमासे स्थानीय सडकको सन्दर्भमा अधिकतम ८ टन र उचाई २.८ मि. भन्दा बढी र स्थानीय कालोपत्रे सडकमा अधिकतम १६ टन र उचाई ३.२ मि. भन्दा बढी भएको सवारी साधन प्रवेश गर्न नपाउने गरी निषेध गर्न सकिनेछ।

(२) उपदफा (१) अनुसार निषेध गरेको स्थानीय बाह्रमासे सडक र स्थानीय कालोपत्रे सडकमा ढाट निर्माण गरी त्यसको रेखदेख सम्बन्धित टोल विकास संस्थालाई जिम्मेवारी दिन सकिनेछ।

(३) उपदफा (१) बमोजिम विपरीत बढी वजनको सवारी चलाएमा रु. १० हजार सम्म जरिवाना हुनेछ।

**११. स्थानीय सडकको दायाँ बाँया बृक्षरोपण र त्यसको रेखदेख :** (१) नगरपालिका वनउपभोक्ता समिति, संघ, संस्था र टोल विकास संस्थाले स्थानीय सडकको दाँया बाँया बृक्षरोपण गर्न सक्नेछ।

(२) उपदफा (१) बमोजिम बृक्षरोपणको रेखदेख र संरक्षण गर्ने कार्य सम्बन्धित वडा कार्यालयको हुनेछ।

(३) उपदफा (१) बमोजिम लगाएको रुखको काँट-छाँट गर्ने र त्यस्तो रुखले आवागमनमा बाधा पुर्याएमा त्यसलाई हटाउने जिम्मा नगरपालिकाको हुनेछ।

**१२. सडकहरुको लगतकट्टा :** नगरपालिका क्षेत्रभित्र रहेका सबै सडकहरुको लगतकट्टा गरी नगरको स्वामित्वमा ल्याइनेछ।

**१३. बाह्रमासे सडक :** नगरपालिकाले प्रत्येक वडामा रहेको एउटा मुख्य सडकलाई बाह्रै महिना सञ्चालन हुने सडकको विकास गरी सबै वडामा यातायातको उचीत बन्दोवस्त मिलाउन बाहमासे सडक निमार्ण गर्नेछ। यसरी निमार्ण हुँदै गरेको बाहमासे सडकको आफ्नो लक्ष्य पुरानभई सडकको एलाइनमेन्ट परिवर्तन गर्न पाइने छैन।

**१४. संघिय र प्रादेशिक सडक सम्वन्धी व्यवस्था**ः यस ऐनमा जुनसुकै कुरा लेखिएको भएता पनि संघीय स्तर तथा प्रादेशिक स्तरका सडकहरु तत्-तत् निकायले मापदण्ड तोके अनुसार हुनेछन्।

## परिच्छेद-३
## मर्मत सम्भार कोष

**१५. पूर्वाधार मर्मत सम्भार कोष :** (१) स्थानीय सडक पूर्वाधारहरुको नियमित तथा आवश्यकता अनुसारको मर्मत सम्भार नगरपालिकाको प्रचलित कानुन अनुसार हुनेछ।

(२) पूर्वाधार संरचनाहरुको मर्मत तथा पुनस्थापनाको लागि नगर स्तरमा मर्मत सम्भार कोष स्थापना गरिनेछ र सो कोष सञ्चालन तोकिए बमोजिम हुनेछ।

(३) उपदफा (२) बमोजिम स्थापना भएको कोषमा रकम तोकिए बमोजिमको दाखिला गरिनेछ।

## परिच्छेद-४
## सार्वजनिक निजी साझेदारीमा पूर्वाधार संरचनाको निमार्ण तथा सञ्चालन

**१६. सार्वजनिक निजी साझेदारीमा पूर्वाधारको विकास गर्न सक्ने** : यस ऐन बमोजिम कुनै व्यक्ति, निर्माण व्यवसायी, संस्था वा कम्पनीसँग नगरपालिकाले सडक निमार्ण, सञ्चालन तथा व्यवस्थापनमा साझेदारी गर्न सक्नेछ। नगरपालिकाले सावजनिक निजी साझेदारीमा पूर्वाधारको कार्य गर्दा तोकिएको प्रकृया अनुसार हुनेछ।

## परिच्छेद-५
## कसुर र दण्ड सजाय

**१७. कसुर र दण्ड सजाय** : (१) यो ऐनबमोजिमको फासला र नगरपालिकाबाट स्वीकृत नक्साभन्दा फरक पारी संरचना निर्माण गरेमा त्यस्तो अनाधिकृत निर्माणलाई नगरपालिकाले जुनसुकै बखत भत्काउन आदेश दिनेछ। आदेशलाई अटेर गरी नभत्काएको खण्डमा नगरपालिकाले भत्काई हटाउन लागेको खर्चमा पच्चिस प्रतिशत थप गरी सम्वन्धित व्यक्तिबाट असुल उपर गराउन सक्नेछ।

(२) मूल सडकबाट शाखा सडकतर्फ व्यक्ति वा उपभोक्ता समितिले कुनै संरचना निर्माण गर्दा वा बाटो खोल्दा सडक र खोला, खोल्सी तथा नाला अवरुद्ध हुने गरी काम गर्न पाईने छैन। यस्तो कार्य गरेको पाइएमा नगरपालिकाले सम्बन्धित व्यक्ति वा उपभोक्ता समितिलाई सुधार गर्न आदेश दिन सक्नेछ। त्यस्तो आदेशको पालना भएको नपाइएमा मर्मत सुधार गर्दा लाग्ने खर्च र सो खर्चको थप पच्चिस प्रतिशत जरिवाना सम्बन्धित व्यक्ति वा उपभोक्ता समितिबाट असुल उपर गराउन सक्नेछ।

(३) नगरपालिकाको स्वीकृत बेगर सार्वजनिक स्थल, सडकको दाँया बाँया कुनै पनि संरचना निर्माण गर्न पाइने छैन। त्यसरी निर्माण गरेमा त्यस्तो निर्माण भएको संरचनालाई नगरपालिकाले जुनसुकै बखत भत्काउन आदेश दिनेछ। आदेशलाई अटेर गरी नभत्काएको खण्डमा नगरपालिकाले भत्काई भत्काउँदा र हटाउन लागेको खर्च र सो खर्चको थप पच्चिस प्रतिशत जरिवाना सहित सम्वन्धित व्यक्तिबाट असुल उपर गरिनेछ।

(४) कसैले नगरपालिकाको अनुमति नलिई पक्की सडक र ग्राभेल सडकको दायाँ बायाँ घडेरी निर्माण गर्न वा अन्य जुनसुकै प्रयोजनका लागि जग्गा खारेको वा सम्याएको पाईएमा र बाटोमा ढुंगा माटो थुप्रिएको भए थुप्रिएको ढुङ्गामाटो हटाउन लगाई रु. पच्चीस हजारसम्म जरिवाना गर्न सक्नेछ ।

## परिच्छेद-६
## विविध

**१८. पूर्वाधार विकास** : नगरपालिकाले संघ र प्रदेश सरकारसँगको सहकार्य र साझेदारीमा पूर्वाधार विकासका विभिन्न आयोजनाहरु सञ्चालन गर्न सक्नेछ ।

**१९. अन्तर स्थानीय तह समन्वय :** नगरपालिकासँग जोडिने एक भन्दा बढी स्थानीय तह समेट्ने वा सरोकार राख्ने पूर्वाधार सडक निर्माण तथा मर्मत कार्यको लागि नगरपालिकाबाट अनुमोदन गराइ अन्तर स्थानीय तह साझेदारीका गर्नु पर्नेछ ।

**२०. प्रचलित कानुन बमोजिम हुने** : यस ऐनमा लेखिएको विषयमा यसै ऐन बमोजिम र अन्य विषयमा प्रचलित कानुन बमोजिम हुनेछ।

**२१. नियम बनाउन सक्ने**: यस ऐनको उद्देश्य कार्यान्वयन गर्ने कार्यपालिकाले आवश्यक नियम निर्देशिका वा कार्यविधि बनाउन सक्नेछ ।

**२२. संशोधन** : यस ऐनमा भएका व्यवस्था समय सापेक्ष संशोधन गर्न सकिनेछ ।

**२३. खारेजी तथा बचाऊ :** (१) यस ऐनमा भएको व्यवस्था नेपालको संविधान प्रचलित संघ तथा प्रदेश कानुनसँग बाझिएमा बाझिएको हदसम्म बदर हुनेछ ।

(२) यस अघि नगरपालिकाद्वारा भए गरेको सम्पूर्ण काम कार्यवाही यसै ऐन बमोजिम भएको मानिनेछ।

**२४. सवारी साधन पार्किङ गर्न नहुने :** नगरपालिका क्षेत्रमा रहेका सडक किनारमा नगरपालिकाले निषेध गरेका र बाटाको क्षेत्र क्षेत्राधिकार भित्र अनुमति बिना पार्किङ गर्न गराउन हुदैन। यदि कसैले त्यस्तो कार्य गरे गराएमा ट्राफिक नियम अनुसार कारवाही हुनेछ ।

## अनुसुची-१

## दफा ५(१) सँग सम्वन्धित

## नगरपालिकाका सडकहरुको क्षेत्राधिकार र फासला

| क्र. स. | सडकको नाम | लम्वाइ कि.मि. | क्षेत्राधिकार (चौडाइ) मि. | फासला (सेट व्याक) मि. | वडा | कैफियत |
|---|---|---|---|---|---|---|
| १ | बसपार्क-माछापोखरी-ओख्रे-आमबोटे-दगुर्ने हुदै फुङफुङे सडक | - | १४ | २.५ | १ | |
| २ | तिनवरे- टिम्बुरे- निगिजुङ-मेल्बुङ-नाङे हुदै बांगे दोभान | - | १० | २ | १ | |
| ३ | धाप्लेभित्ता निगिजुङ | | ८ | १.५ | १ | |
| ४ | पोख्रेलगाउँ सिग्देलगाउँ डाँडागाउँ हुदै ढुंगेधारा सम्म | - | ८ | १.५ | १ | |
| ५ | हरिमादेनको घर छेउ-राम कार्की तीनधारे स्कूल-स्व्यास्थ्य चौकी यलम्बर मार्ग जोड्ने सडक | - | १० | २ | १ | |
| ६ | बाँझे फुलबोटे सिरिजुङ सम्म जोड्ने मोटर बाटो | - | ६ | १.५ | १ | |
| ७ | सुनुवार घुम्ती बरबोटे-सुब्बाको घरमुनि हुदै गणेश चोक जोडिने मोटर बाटो | - | ६ | १.५ | १ | |
| ८ | वानन\दे देखि सिम्ले-देउलिङे-मेल्बूङ-गणेश चोक हुदै छरछरे हाङदेवा जिडीने यलम्बर मार्ग | - | १० | २ | १ | |
| ९ | जिउनी सालडाँडा जोडिने सडक | ०.८ | ६ | १.५ | १ | |
| १० | फुलबोटे-सालडाँडा हुदै मालबासे सडक | ०.८ | ६ | १.५ | १ | |
| ११ | हर्राबोटे-च्यान्टेबारी-कर्तने जोड्ने मोटरबाटो | २.२ | ६ | १.५ | १ | |
| १२ | वोकतारा घरमुनि तर्निङ देखि खसिनी खोल्सा पुल नाङ्गे जोड्ने मोटरबाटो | - | ८ | १.५ | १ | |
| १३ | हेलिप्याड-शसस्त्र क्याम्पबाट तिनवरे पिपलबोटे-वडा कार्यालय-देवलिङ गुम्बाडाँडा-गैरीगाँउ-लहरेगाँउ सडक | ८ | १० | २ | २ | |
| १४ | हेलिप्याड बसपार्क सड्क | १ | १४ | २.५ | २ | |
| १५ | हेलिप्याड घनेन्द्र गिरी घर हुदै शान्ती आ. वि. | ०.५ | ६ | १.५ | २ | |
| १६ | मेची राजर्माग देखि रिजाललाइन सडक | ०.५ | ६ | १.५ | २ | |
| १७ | कोलेनिका-नेपाल पत्रकार महासंघ-रिजाललाइन | ०.६ | ६ | १.५ | २ | |
| १८ | मेवाखोला हिलरिसोट-घरेलू कार्यालय देखि निर्वाचन कार्यालय सम्म | १ | ६ | १.५ | २ | |
| १९ | बोझे चोक-निर्मल शेर्पाको घरहुदै शिक्षा कार्यालय सम्म | ०.६ | ६ | १.५ | २ | |
| २० | कर्ण विश्वकर्माको घर देखि जितेन लिम्बुको घर | १ | ६ | १.५ | २ | |

| क्र.स. | सडकको नाम | लम्वाइ कि.मि. | क्षेत्राधिकार (चौडाइ) मि. | फासला (सेट व्याक) मि. | वडा | कैफियत |
|---|---|---|---|---|---|---|
| | हुदै शिक्षा कार्यालय सम्म | | | | | |
| २१ | भेटनरी चोक सेतीधारा देखि होम तुम्बाहाम्फे घर सम्म | २ | ८ | १.५ | २ | |
| २२ | भेटनरी चोक कचनजंघा चोक हुदै याइलिजुङ सम्म | ३ | ८ | १.५ | २ | |
| २३ | युवराज बस्नेतको घरदेखि साङग बल फर्म-वाशु मा.वि. हुदै रंगशाला सम्म | ३ | ८ | १.५ | २ | |
| २४ | तिनबरे देखि महेश्वर न्यापानेको घरहुदै वाशु मा.वि. सम्म | १.५ | ६ | १.५ | २ | |
| २५ | गोपाल विश्वकर्मा घरदेखि ठुलोधारा हुदै मादेन चोक सम्म | २.५ | ६ | १.५ | २ | |
| २६ | कोल स्टोर घुम्ती टारगाँउ देखि विष्णु तामाङको घर हुदै बल बहादुर तामाङको घर सम्म | १ | ६ | १.५ | २ | |
| २७ | टाकुरे-सार्की चौतारा हुदै खहरे सम्म | १.८ | ६ | १.५ | २ | |
| २८ | दालपाखे बलबहादुर गुरुङको घरदेखि नरवहादुर थापाको घर सम्म | १ | ६ | १.५ | २ | |
| २९ | पालुडवा चोक देखि जागेशाला देवलिङ तीनधारे सम्म | ३ | १० | २ | २ | |
| ३० | झकमणि दाहालको घर देखि धनकुमार खातीको घरसम्म | ०.६ | ६ | १.५ | २ | |
| ३१ | देवलिङ-आम्बोटे-नागेश्वरी-सितले दोभान | ३.५ | १० | २ | २ | |
| ३२ | लहरेगाँउ देखि गोपाल श्रेष्ठको घर हान्द्रङ सम्म | १ | 8 | 1.5 | 2 | |
| ३३ | गैरीगाउँ मानकुमार मोक्तानको घर हुदै सल्लाबोटे सम्म | २ | ६ | १.५ | २ | |
| ३४ | गैरीगाउँ हाङगुरे चौतारा धनबहादुर राईको घर सम्म | २ | ६ | १.५ | २ | |
| ३५ | बसपाक सडक देखि शिक्षा कार्यालय सम्म | ०.२ | ६ | १.५ | २ | |
| ३६ | वडा कार्यालय देखि ठुलो धारा सम्म | ०.५ | ६ | १.५ | २ | |
| ३७ | भेदावारी-कार्तिके-आगेदिन सडक | १० | ८ | १.५ | ३ | |
| ३८ | क्यानिम-कार्तिके-भाटेघाट | ७ | ८ | १.५ | ३ | |
| ३९ | खोलाखेत-आगेदिम-मुडे-सल्लेरी मोटर बाटो | ६ | १० | २ | ३ | |
| ४० | डुङडुङे-ढाँडगाँउ-सिकारी डॉडा-सिटेनी मोटर बाटो | ५ | ८ | १.५ | ३ | |
| ४१ | ऐश्वयचोक-घिमिरेगाउँ-बरालगाउँ-पाँचगाउँ | ५ | ८ | १.५ | ३ | |

| क्र. स. | सडकको नाम | लम्वाइ कि.मि. | क्षेत्राधिकार (चौडाइ) मि. | फासला (सेट व्याक) मि. | वडा | कैफियत |
|---|---|---|---|---|---|---|
| ४२ | वासु मा. वि.-च्याने पाखा-ढाँडगाँउ | ४ | ८ | १.५ | ३ | |
| ४३ | शसस्त्र क्याम्प देवि घुम्ती | ३ | ६ | १.५ | ३ | |
| ४४ | क्यानिम वगैचा २. डाँडे देखि वा.सु. मा. वि. | ३ | ६ | १.५ | ३ | |
| ४५ | टारी सल्लेरी मोटरबाटो | २ | ६ | १.५ | ३ | |
| ४६ | काउले-फागेडाडा-लेन्डफिल्ड-मालवासे मोटरबाटो | ३ | ८ | १.५ | ३ | |
| ४७ | गैरीगाउँ-नेवारडाँडा-एक्ले पिपल सडक | २ | ८ | १.५ | ३ | |
| ४८ | देवी बरालको घर-तल्लो ढाँडगाउँ-गोपी चोक | २ | ६ | १.५ | ३ | |
| ४९ | सिकारीडाँडा-गडीडाँडा आगेदिन मोटर बाटो | ३ | ६ | १.५ | ३ | |
| ५० | च्यानेपाखा-घले डाडा-जोरधारा जोड्ने | ३ | ६ | १.५ | ३ | |
| ५१ | ऐश्वेय चोक-बतासे-सिमरौटा | २ | ६ | १.५ | ३ | |
| ५२ | हेलिप्याड गेट हुदै शान्ति स्कुल | १ | ८ | १.५ | ३ | |
| ५३ | बसपार्क टोल सडक मार्ग | २ | ६ | १.५ | ४ | |
| ५४ | फुङलिङ टोल सडक मार्ग | २ | ६ | १.५ | ४ | |
| ५५ | एड्देन सड़क मार्ग | ३ | ६ | १.५ | ४ | |
| ५६ | टिम्बुरे सड़क मार्ग | ३ | ६ | १.५ | ४ | |
| ५७ | माछा पोखरी टोल सड़क मार्ग | २ | ६ | १.५ | ४ | |
| ५८ | कोप्चे गौरीगाउँ मार्ग | २ | ६ | १.५ | ४ | |
| ५९ | बाल मन्दिर सडक | ०.५ | ८ | १.५ | ४ | |
| ६० | पुरानो बजार लाइन सडक मार्ग | १ | ६ | १.५ | ४ | |
| ६१ | सहरी सडक मार्ग | १.५ | ८ | १.५ | ४ | |
| ६२ | कोशी सडक मार्ग | २ | १० | २ | ४ | |
| ६३ | मेची सडक मार्ग | - | - | - | ४ | |
| ६४ | अन्तरपालिका सडक मार्ग | - | १० | २ | ४ | |
| ६५ | ओझाहाङ मार्ग | २ | ६ | १.५ | ५ | |
| ६६ | पाथिभरा क्याम्पस मार्ग | १ | ६ | १.५ | ५ | |
| ६७ | फुङलिङ बस पार्क मार्ग | १.३ | १४ | २.५ | ५ | |
| ६८ | फुङफुङदेन सडक मार्ग | - | १४ | २.५ | ५ | |
| ६९ | कारवारी धारा हिलिहाङ सडक मार्ग | ४ | ६ | १.५ | ५ | |
| ७० | वडा कार्यालय सडक मार्ग | ०.३ | ६ | १.५ | ५ | |
| ७१ | बाईपास मार्ग | ३ | १० | २ | ५ | |
| ७२ | मन्सि मार्ग | २ | ८ | १.५ | ५ | |
| ७३ | फुलपाती मार्ग | ०.५ | ६ | १.५ | ५ | |
| ७४ | गुरुङ गुम्बा मार्ग | ०.६ | ८ | १.५ | ५ | |

| क्र. स. | सडकको नाम | लम्वाइ कि.मि. | क्षेत्राधिकार (चौडाइ) मि. | फासला (सेट व्याक) मि. | वडा | कैफियत |
|---|---|---|---|---|---|---|
| ७५ | क्याम्पस मार्ग | ०.७ | ६ | १.५ | ५ | |
| ७६ | विरेन्द्र मार्ग | ०.७ | ८ | १.५ | ५ | |
| ७७ | नमुना शाखा मार्ग | ४० मि. | ६ | १.५ | ५ | |
| ७८ | हुलाक मार्ग | ०.३ | ६ | १.५ | ५ | |
| ७९ | हावापानी मार्ग | ५० मि. | ६ | १.५ | ५ | |
| ८० | नमुना मार्ग | १५० मि. | ६ | १.५ | ५ | |
| ८१ | शिब कुमार मार्ग | ०.२ | ६ | १.५ | ५ | |
| ८२ | नमुना मार्ग | १५० मि. | ६ | १.५ | ५ | |
| ८३ | अस्पताल मार्ग | २५० मि. | ६ | १.५ | ५ | |
| ८४ | योगा मार्ग | - | ६ | १.५ | ५ | |
| ८५ | रेडक्रस मार्ग | - | ८ | १.५ | ५ | |
| ८६ | डाँडावारी खरीबोटे हुदै सिद्धिडाँडा मोटरबाटो | - | ८ | १.५ | ६ | |
| ८७ | उकाली पानि देखि गुरुङ गुम्बा हुदै शैशले जाने कृषि सडक | - | १० | २ | ६ | |
| ८८ | कुवापानी होमस्टे वगरवारी जाने सडक | - | ६ | १.५ | ६ | |
| ८९ | हिमाली ग्रामीण भवन हुदै चप्लेटी सुकेटार सडक | - | ८ | १.५ | ६ | |
| ९० | पराजुली चौक विहिबारे हुदै चण्डेश्वर मो. बा. | - | ८ | १.५ | ६ | |
| ९१ | साधु धारा माङहिम हुँदै वालुङ गुम्बा जाने मो. बा. | - | ६ | १.५ | ६ | |
| ९२ | वालुङ गुम्बा ट्रनिङ हुदै कृष्ण गुरुङको घर हुदै वालुङ गुम्वा मो. बा. | - | ६ | १.५ | ६ | |
| ९३ | पाथीभरा चोक शेर्पाटोल मो. बा. | - | ८ | १.५ | ६ | |
| ९४ | नाम्दुखोला चौतारा देखी शेर्पाटोल जाने मो. बा. | - | ८ | १.५ | ६ | |
| ९५ | मंकर चउर देखी वृदाश्रम दाहालगाउँ श्रीजनाटोल जोडने मो. बा. | - | ८ | १.५ | ६ | |
| ९६ | चिचरा खोल्सी डाडागाउँ थुवाजुङ जाने मोटरवाटो | - | ८ | १.५ | ६ | |
| ९७ | गौतमघर देखि थुवाजुङ जाने मो. बा. | - | ८ | १.५ | ६ | |
| ९८ | तिनधारे खोल्सी विहिवारे जाने मो. वा. | - | ६ | १.५ | ६ | |
| ९९ | हिमालीपाखा कोइराले जाने मो. बा. | - | ८ | १.५ | ६ | |
| १०० | दुर्गा दाहालको घर देखी बाजोगरा जाने मो. बा. | - | ८ | १.५ | ६ | |
| १०१ | सन्तोष दहालको घरमुनीबाट छरछरे जाने मो. बा. | - | ६ | १.५ | ६ | |
| १०२ | बादल गुरुङको घर हुँदै सिद्धिडाँडा जाने मो. बा. | - | ८ | १.५ | ६ | |
| १०३ | ब्याडमिन्टन हाल जाने टर्निङ देखी वालुंग गुम्वा | - | ६ | १.५ | ६ | |

| क्र. स. | सडकको नाम | लम्वाइ कि.मि. | क्षेत्राधिकार (चौडाइ) मि. | फासला (सेट व्याक) मि. | वडा | कैफियत |
|---|---|---|---|---|---|---|
| | जाने बाटो | | | | | |
| १०४ | सचिन रेग्मीको घर छेउवाट तिनधारे विहिवारे जाने वाटो | - | ६ | १.५ | ६ | |
| १०५ | छाङखोला देखि खरीबोटे जाने वाटो | - | ६ | १.५ | ६ | |
| १०६ | डाँडावारीवाट महादेवस्थान जाने बाटो | - | ६ | १.५ | ६ | |
| १०७ | खोपे-कनेम खोला-विर कुमार घरमुनी सम्म मोटरवाटो | १ | ६ | १.५ | ७ | |
| १०८ | लहरे ढुङ्गा हुदै विरकुमार घर मुनि सम्मको मोटरबाटो | ०.५ | ६ | १.५ | ७ | |
| १०९ | शसस्त्र चेक पोष्ट हुदै नगरपालिका भवन मोटरबाटो | ०.७ | ८ | १.५ | ७ | |
| ११० | युवा वर्ष मा. वि. हुदै खोप्रे मोटरबाटो | १.२ | ६ | १.५ | ७ | |
| १११ | खोप्रे-ओखरबोटे हुदै किराँत चोक जोड्ने मोटरबाटो | ०.३ | ६ | १.५ | ७ | |
| ११२ | पॉटीगाउँ-बाँसबोटे मोटरबाटो | १ | ८ | १.५ | ७ | |
| ११३ | काँशघारी गल्लीघर हुदै मा. वि. जोड्ने मोटरवाटो | १ | ८ | १.५ | ७ | |
| ११४ | तोक्मे कफि हाउस खोप्रे हुँदै बुड्यौली गाउँ मोटरबाटो | २.५ | ८ | १.५ | ७ | |
| ११५ | विजुली कार्यालय तमोर एफ. एम. मोटरबाटो | १ | ६ | १.५ | ७ | |
| ११६ | विद्यतु सव इस्टेसन सिद्धकाली जोड्ने मोटरबाटो | - | ६ | १.५ | ७ | |
| ११७ | घोडेचौर छत्रे धारा मोटरबाटो | १ | ८ | १.५ | ७ | |
| ११८ | गोविन्द्र सुनुवार टर्निङ देखि तमोर एफ. एम. जोड़ने मोटरबाटो | ०.३ | ६ | १.५ | ७ | |
| ११९ | कफी हाउस चौतारा हुदै नगरपालिका सम्म मोटबाटो | ०.४ | ६ | १.५ | ७ | |
| १२० | केनेम खोला-भाँडी खोला मोटरबाटो | ०.५ | ६ | १.५ | ७ | |
| १२१ | अधेरी साम्नेल भेदावारी छातिवने जाने बाटो | १० | ६ | १.५ | ८ | |
| १२२ | हिटी मानेडाँडा हुदै वान्चरे जाने बाटो | ६ | ६ | १.५ | ८ | |
| १२३ | देवी खोलादेखि मा. बि. हुदै वडा कार्यालय जाने बाटो | २.५ | ६ | १.५ | ८ | |
| १२४ | तोक्मेडाँडा-नाम्ले-रमिते हुदै पाथीभरा याङवरक जोड्ने बाटो | १० | १० | २ | ८ | |
| १२५ | नाम्ले देखि घ्याङहुदै चारपाटे सेती चौतारा | ४ | ६ | १.५ | ८ | |
| १२६ | सकिरा होटेल देखि रिपिटर टावर पाथीभरा | ६.५ | ६ | १.५ | ८ | |

| क्र.स. | सडकको नाम | लम्वाइ कि.मि. | क्षेत्राधिकार (चौडाइ) मि. | फासला (सेट व्याक) मि. | वडा | कैफियत |
|---|---|---|---|---|---|---|
| | याङवरक जोड्ने बाटो | | | | | |
| १२७ | खोप्रे बुडौलिगाउँ हुदै बेजम्बु जाने मोटर बाटो | २ | ६ | १.५ | ८ | |
| १२८ | नाम्लेपाटि बेजम्बु काभ्रे हुदै पाथीभरा याङवरक जोड्ने बाटो | ३ | ६ | १.५ | ८ | |
| १२९ | अधेरी-मेवाराज-खोदम्बु हुदै वन्चरे  जोड्ने बाटो | ३ | ६ | १.५ | ८ | ` |
| १३० | ल्याङवा मन्दिर देखि कृष्ण भण्डारीको घर हुदै गहतेबारी जोड्ने बाटो | २ | ६ | १.५ | ८ | |
| १३१ | खोलिपाखा-पानि टंकी हुदै मानेडाँडा जोड्ने बाटो | १ | ६ | १.५ | ८ | |
| १३२ | वडा कार्यालय हुदै मानेडाँडा जोड्नेबाटो | २ | ६ | १.५ | ८ | |
| १३३ | पडारे घुम्ती-बरधारा हुदै वडा कार्यालय जोड्ने मोटरबाटो | १.५ | ६ | १.५ | ८ | |
| १३४ | भेदाबारी देखि कार्तिके जोड्ने मोटरबाटो | २ | ६ | १.५ | ८ | |
| १३५ | किराँत चोक-तनामे चारपाटे ढुंगा-थामखर्क जोड्ने मोटरबाटो | ६ | ६ | १.५ | ८ | |
| १३६ | अल्लेबाट सुकेटार जाने मोटरबाटो | ३.५ | ६ | १.५ | ८ | |
| १३७ | ढुंगे-भेदाबारी सडक | २ | ६ | १.५ | ८ | |
| १३८ | काभ्रे नारानेडाँडा हुदै पाथीभरा याङवरक जोड्ने मोटरबाटो | २ | ६ | १.५ | ८ | |
| १३९ | मेची राजमार्ग | १० | - | - | ८ | |
| १४० | सुकेटार-भोटेगाउँ-गढीडाँडा-फक्ताङलुङ जोड्ने सडक | - | १० | २ | ९ | |
| १४१ | सुकेटार-पाथीभरा जाने सडक | - | १० | २ | ९ | |
| १४२ | सुकेटार कार्तिकेबाट शिव आधारभूत जोड्ने बाटो | - | ८ | १.५ | ९ | |
| १४३ | फुङलिङ वडा न. ६-गुरुङ गुम्बा-शैशले -भोटेगाउँ-गढीडाँडा जोड्ने बाटो | - | ८ | १.५ | ९ | |
| १४४ | पराजुलीचोक-चंडेश्वोरी सिद्धिडाँडा- बुङकुलुङ-भिरकुना हुदै मेची राजमार्ग जोड्ने  सडक | - | ८ | १.५ | ९ | |
| १४५ | लम्पोखरी-साँवागाउँ-गाइगोड़े जोड्ने बाटो | - | ८ | १.५ | ९ | |
| १४६ | हाङदेवा खोला-धुपौरे-टाकुरे-रेडक्रस-गैरीगाउँ-भाइरल पूल-मलवासे हुदै तमोर करिडोर जोड्ने सडक | - | ८ | १.५ | ९ | |
| १४७ | हाङदेवा खोला-रामेटार-कामिगाउँ-सोगिरा- गढीडाँडा जोड्ने सडक | - | ८ | १.५ | ९ | |
| १४८ | सुकेटार-भोटेगाउँ-आलुबारी-विर्नेडाँडा हुदै फुरुम्बु जाने बाटो | - | ६ | १.५ | ९ | |
| १४९ | भुटाने चोक-सत्र मुरे-भुपौरे सामुदायिक भवन सडक | - | ८ | १.५ | ९ | |

| क्र.स. | सडकको नाम | लम्वाइ कि.मि. | क्षेत्राधिकार (चौडाइ) मि. | फासला (सेट व्याक) मि. | वडा | कैफियत |
|---|---|---|---|---|---|---|
| १५० | सुकेटार-शैशले-तमुचोक-सिद्धिडाँडा लामपोखरी-फक्ताङलुङ जोड्ने बाटो | - | ८ | १.५ | ९ | |
| १५२ | फुङलिङ शेर्पा टोल-आलुचोक आसाङपाटि- वडा न. ६-गुरुङ गुम्बा-शैशले-भोटेगाउँ-गढीडाँडा जोड्ने बाटो | - | ८ | १.५ | ९ | |
| १५३ | हाङदेवा कामीडाँडा-लप्सेखोला-गजेन्द्रे ओख्ने सामुदायिक भवन जाने बाटो | - | ६ | १.५ | ९ | |
| १५४ | गाइगोडे-ओख्रे-च्यानडाँडा-रनदेल-दुर्गा कार्कीको घर जोड्ने बाटो | - | ८ | १.५ | ९ | |
| १५५ | च्यानडाँडा-पिपलडाँडा-थुम्बा तमोर करिडोर जोड्ने बाटो | - | ८ | १.५ | ९ | |
| १५६ | पानीसार-दुवे-चिहानडाँडा-लप्सेखोला सुन्तले-छरछरे जोड्ने बाटो | - | ८ | १.५ | ९ | |
| १५७ | बैदारे-वारीधाप-पिपलडाँडा-कटहरे हुँदै छरछरे जोड्ने सडक | - | ८ | १.५ | ९ | |
| १५८ | गाइगोडे-भाइरल पुल जोडने मोटर बाटो | - | ८ | १.५ | ९ | |
| १५९ | बैकुण्ठ मार्ग तेङखेमा-कोइराले जोड्ने बाटो | - | ८ | १.५ | ९ | |
| १६० | तमोर नि.मा.वि.-अडिरे भिरकुना बाटो | - | ८ | १.५ | ९ | |
| १६१ | आलुचोक-थपेजुङ-लामपोखरी-नाङगेजुङ जोड्ने बाटो | - | १० | २ | ९ | |
| १६२ | सिक्रेवर-लाबुङगाउँ-नाङगेजुङ जोड्ने बाटो | - | ८ | १.५ | ९ | |
| १६३ | ओठे-निभारे-कार्की चोक-बैशाके मोटरबाटो | - | ८ | १.५ | १० | |
| १६४ | गोल्फे-सेगुडाँडा-मुस्कान चोक हुदै तमोर कडिडोर जोड्ने मोटरबाटो | - | १० | २ | १० | |
| १६५ | गडिडाँडा-कडेन चौतारा हुदै फुङलिङ जाने मोटरबाटो | - | ८ | १.५ | १० | |
| १६६ | रमिते-नाम्जे-बगालेगाँउ हुदै मेची साजमार्ग जोड्ने मोटरबाटो | - | ८ | १.५ | १० | |
| १६७ | गडिडाँडा-धाप हदै सेवारो चौक जोड़ने मोटरबाटो | - | ८ | १.५ | १० | |
| १६८ | साङलिपा हुदै कडेन चौतारा जाने मोटरबाटो | - | ६ | १.५ | १० | |
| १६९ | माहालाल फुरुम्बोको घर हुदै निभारे जाने मोटरबाटो | - | ६ | १.५ | १० | |
| १७० | रिजालगाँउ-तोपागाँउ हदै सिस्ने घाट तमोर कडिडोर जोड़ने मोटरबाटो | - | १० | २ | १० | |
| १७१ | गोल्फे कटुवाल घर नेपालबारी हदै फुङलिङ जाने मोटरबाटो | - | ८ | १.५ | १० | |
| १७२ | मेची राजमार्गबाट सिबुटार बैशाखे- चुचेढुङगा हुदै | - | १० | २ | १० | |

| क्र. स. | सडकको नाम | लम्बाइ कि.मि. | क्षेत्राधिकार (चौडाइ) मि. | फासला (सेट ब्याक) मि. | वडा | कैफियत |
|---|---|---|---|---|---|---|
| | छाते ढुङगा जोड्ने मोटरबाटो | | | | | |
| १७३ | गडिडाँडा-चप्लेटि हुदै मेची राजमार्ग जोड्ने मोटरबाटो | - | ६ | १.५ | १० | |
| १७४ | गोल्फे-रिजाल घर हुदै मेची राजमार्ग जोड्ने मोटरबाटो | - | ६ | १.५ | १० | |
| १७५ | नारान भट्टराइको घर छेउबाट शहरी स्वास्थ्य मयाम जाने मोटरबाटो | - | ६ | १.५ | १० | |
| १७६ | राई गाँउ- बरबोटे हुदै सिबुटार जोड्ने मोटरबाटो | - | ६ | १.५ | १० | |
| १७७ | देउराली-मादिम्बे-तेम्बेवा-सिम्बु हुदै सिरिजंघा जाने मोटरबाटो | - | १४ | २.५ | ११ | |
| १७८ | लालीखर्क-बोरदीन-चिचिन्तेम्बेवा- सामेखाम-वरडाँडा-हङहङे जोड्नेबाटो | - | १० | २ | ११ | |
| १७९ | भारुडाँडा- गौंथले पुल छेउ हुँदै चिचिन्तेम्वेवा दिपेन्द्र प्रा.वि. जाने मोटरबाटो | - | १० | २ | ११ | |
| १८० | दुम्ले-साजु-सतिघाट हुदै सिरिजंघा जाने मोटरबाटो | - | १० | २ | ११ | |
| १८१ | सिम्बु-दुम्ले हुँदै होक्तोके ख्याजुङ- हङहङ्गे जोड्ने मोटरबाटो | - | १० | २ | ११ | |
| १८२ | थामडाडा-केरावारी-भिरकुना हुँदै सिम्बु जोड्ने मोटरबाटो | - | १४ | २.५ | ११ | |
| १८३ | कात्तिके-भिरकुना-वनपाला हुँदै वडा कार्यालय जाने मोटरबाटो | - | १० | २ | ११ | |
| १८४ | सिस्ने-खोपी हुँदै निकास जोड्ने मोटरबाटो | - | ६ | १.५ | ११ | |
| १८५ | कातिके-साउनेडाँडा हुँदै पावरहाउस जाने मोटरबाटो | - | ६ | १.५ | ११ | |
| १८६ | कात्तिके-युमाखाम-निकास-भञ्ज्याङ हुँदै छाते देउराली जोड्ने मोटरबाटो | - | १० | २ | ११ | |
| १८७ | छाते देउराली-मादिमे-तेम्वेवा सिम्बु हुदै सिरिजंघा गा. पा. जाने मोटरबाटो | - | १४ | २.५ | ११ | |

***समाप्त***

आज्ञाले
तिलोचन रिमाल
प्रमुख प्रशासकीय अधिकृत